श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा निजामती प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

मितिः २०८३।०६।०५
ने.सं. ११४६ यंलाथ्वः १०, सोमबार

## सम्माननीय प्रधान न्यायाधीश डा. श्री मनोजकुमार शर्माज्यूबाट कार्यकालको प्रथम चौमासिकमा सम्पादित मूलभूत प्रशासनिक कार्यको विवरण:
(२०८३।०२।०५-२०८३।०६।०४)

१. संरचनागत सुधार

न्याय प्रशासनका अवरोध हटाउन तथा अधिकारक्षेत्र पुनरावलोकन गर्न उच्च स्तरीय **न्याय प्रशासन सुधार अध्ययन समिति** गठन भई सो समितिबाट प्रतिवेदन तयार भई सम्माननीय प्रधान न्यायाधीशज्यूसमक्ष पेस भएको छ। उक्त प्रतिवेदनको सुझाव बमोजिम कानूनमा सामयिक सुधार गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

२. सूचना प्रविधियुक्त न्यायपालिका

मिति २०८३।०३।१० गतेको पूर्ण बैठकबाट "न्यायपालिकाको सूचना तथा सञ्चार प्रविधि नीति, २०८३" पारित भई कार्यान्वयनको चरणमा रहेको छ। यसैगरी, मिति २०८३।०५।०३ गतेको पूर्ण बैठकबाट अदालतमा हुने सुनुवाईको प्रत्यक्ष प्रसारण (व्यवस्थापन तथा संचालन) निर्देशिका,२०८३ पारित भएको; सर्वोच्च अदालत लगायत उच्च अदालत जनकपुर र अस्थायी इजलास ओखलढुङ्गामा मुद्दाको सुनुवाईको प्रत्यक्ष प्रसारण परीक्षणको रूपमा सुरु गरिएको छ। मिति २०८३।०५।२५ गतेबाट सर्वोच्च अदालतमा अदालती दस्तुरहरु अनलाइन मार्फत भुक्तानी गर्न मिल्ने सेवा सुचारु गरिएको तथा सर्वोच्च अदालत, उच्च अदालत पाटन लगायतका ६(छ) वटा अदालतहरुमा सूचना प्रविधि पूर्वाधार सहितको नागरिक मैत्री Help Desk निर्माण भैरहेको छ।

३. न्यायमा सहज पहुँच

सर्वोच्च अदालतमा मिति २०८३।०४।११, उच्च अदालत तथा सबै इजलासमा मिति २०८३।०४।१९ र जिल्ला अदालतमा मिति २०८३।०५।०८ गतेदेखि इजलासबाट भएका आदेश (फैसला र अन्तिम आदेश बाहेकको) विद्युतीय प्रति यथा समय (Real Time) मा नै मुद्दा व्यवस्थापन प्रणालीको दैनिक पेसी सूची विवरणमा प्रविष्ट (Upload) गरी सार्वजनिक रूपमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ। यसैगरी, सर्वोच्च अदालत, उच्च अदालत पाटन र उच्च अदालत जनकपुरबाट तयार भएका फैसला वा अन्तिम आदेशको मूल प्रतिलाई नै स्क्यान गरी प्रणालीमा प्रविष्ट गरी जुनसुकै

३४१५७

श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा [illegible] शासन शाखा)

सर्वोच्च अदालत
काठमाडौं

रामशाहपथ, काठमाडौं
☎:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

अदालतहरुबाट नक्कल लिन मिल्ने गरी पूर्वाधार तयार गरिएको तथा अन्तिम आदेश एवं फैसला पनि प्रविष्ट (Upload) गर्ने कार्य प्रारम्भ गरिसकिएको छ।

४. <u>न्यायिक सुशासन</u>

मिति २०८३।०३।३१ मा "न्यायिक सुशासन केन्द्र" स्थापना गरी नियमित रुपमा गुनासो सुन्ने र फछ्यौंट गर्ने कार्य हुँदै आएको छ। न्यायाधीशको काम कारवाही तथा आचरणको नियमित अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाई न्यायिक अनुशासन सुदृढ गर्नका लागि **अनुगमन तथा निगरानी कार्यविधि, २०८३** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको तथा मातहतका अदालतहरूको नियमित रुपमा निरीक्षण गर्नका लागि आर्थिक वर्षको सुरुवातमै सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुलाई जिम्मेवारी तोक्ने कार्य सुरुवात भएको छ।

५. <u>मुद्दा व्यवस्थापन तथा मुद्दाको सुनुवाई</u>

तारेख प्रणालीलाई सुधार गर्नको लागि अध्ययन समिति गठन भएको छ। बहस व्यवस्थापनलाई प्रभावकारी बनाउन **Lead Lawyer** तोक्ने फाराम बनाई लागू गरिएको छ। सर्वोच्च अदालतको वार्षिक कार्ययोजनामा यस वर्षलाई **"फैसला लेखन वर्ष"** घोषणा गरी फैसला लेखनलाई सुधार गर्नको लागि विशेष रणनीति र कार्ययोजना निर्माण गरी लागू गरिएको छ।

६. <u>मुद्दाको कार्यवोझ व्यवस्थापन</u>

मुद्दाको चाप र न्यायाधीशको सङ्ख्याको अनुपातलाई विश्लेषण गरी आवश्यक प्रवन्ध गर्नको लागि गठन भएको **उच्च तथा जिल्ला अदालतमा मुद्दाको लगतका आधारमा न्यायाधीशहरुको दरवन्दीको विश्लेषणात्मक अध्ययन समितिले** अध्ययन पश्चात तयार गरेको प्रतिवेदन मिति २०८३ भदौ ३१ गते सम्माननीय प्रधान न्यायाधीश एवं न्याय परिषद् अध्यक्षज्यू समक्ष पेश गरी अध्ययनको क्रममा रहेको छ।

७. <u>मानव संशाधन व्यवस्थापन</u>

न्याय परिषद् सचिवालय तथा समग्र न्यायपालिकाको कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन छुट्टाछुट्टै संगठन तथा व्यवस्थापन (Organization and Management) सर्वेक्षण समिति गठन गरी कार्य प्रारम्भ भएको छ। साथै, न्यायपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई मार्गदर्शन गर्न ५ (पाँच) सदस्यीय उच्च स्तरीय निर्देशक समिति समेत गठन भई कार्य प्रारम्भ भएको छ।

घनश्याम सुवेदी
उपरजिस्ट्रार